## सूचना ३

रक्षा मन्त्रालयका सचिव श्री रमेशजंग थापा घर बिदामा बस्नु भएकोले उहाँ फर्की हाजीर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री नित्यराज पाण्डेलाई मिति २०४८।६।१४ गतेदेखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
मधुसूदनप्रसाद गोर्खाली
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको

## सूचना १

सडक विभागका महा-निर्देशक श्री रामबाबु शर्मा एशियाली विकास बैंक मनिलामा ऋण सहयोगको वार्तामा भागलिन जानु भएकोले उहाँ फर्की नआएसम्मको लागि सो महा-निर्देशक पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही विभागका उप-महानिर्देशक श्री भीमराज थापालाई मिति २०४८।५।२२ गते देखि का. मु. मुकरर गरेको छ ।

## सूचना २

श्री ५ को सरकारको मिति २०४८।४।२१ को निर्णयानुसार नेपाल इन्जिनियरिङ सेवा, सिभिल समूह, ट्रान्सपोर्टेशन उपसमूहको रा. प. द्वितीय श्रेणी, उपसचिव सरहको सि. डि. इ. श्री मोहनबहादुर कार्कीलाई सोही सेवा, समूह र उपसमूहको रा. प. प्रथम श्रेणी , सह-सचिव सरहको पदमा बढुवा गरी सडक विभागको मूलमा पदस्थापन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४८

## सूचना ३

श्री ५ को सरकारको मिति २०४८।४।२४ को निर्णयानुसार नेपाल इञ्जिनियरिङ सेवा, सिभिल समूह, ट्रान्सपोर्टेशन उपसमूहको रा. प. द्वितीय श्रेणीको उपसचिव सरहको देहायका सि. डि. इ. हरूलाई सोही सेवा, समूह र उपसमूहको रा. प. प्रथम श्रेणी, सह-सचिव सरहको पदमा बढुवा गरी देहायअनुसार पदस्थापन गरिएको छ।

| सि.नं. | नाम, थर | साविक पद र कार्यालय | पदस्थापन भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री शंकर गिरी | सि.डि.इ., रा.प.द्वि,उपसचिव सरह, सडक विभाग। | रा.प. प्रथम श्रेणी, सह-सचिव सरह, सडक विभाग पूल। |
| २. | श्री सीताराम सिंह | सि.डि.इ., रा.प.द्वि, उपसचिव सरह, सडक विभाग। | क्षेत्रीय निर्देशक, पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय। |
| ३. | श्री देवीप्रसाद बास्तोला | सि.डि.इ., रा.प.द्वि.,उपसचिव सरह, सडक विभाग। | क्षेत्रीय निर्देशक, पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय। |
| ४. | श्री बासुदेव झा | सि.डि.इ., रा.प.द्वि.,उपसचिव सरह। | रा.प. प्रथम श्रेणी, सह-सचिव सरह, सडक विभाग पूल। |

## सूचना ४

श्री ५ को सरकारको मिति २०४८।४।१७ को निर्णयानुसार नेपाल इञ्जिनियरिङ सेवा, सिभिल समूह, ट्रान्सपोर्टेशन उपसमूहका देहायका रा. प. प्रथम श्रेणीका सह-सचिव सरहका (प्रा.) अधिकृतहरूलाई देहाय अनुसार सरुवा गरिएको छ।

| सि.नं. | नाम, थर | साविक पद र कार्यालय | सरुवा गरिएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री देवेन्द्रबहादुर बस्नेत | क्षेत्रीय निर्देशक, पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय। | क्षेत्रीय निर्देशक, मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय। |
| २. | श्री यज्ञदेव भट्ट | रा.प. प्रथम श्रेणी (प्रा.), सह-सचिव सरह, सडक विभाग। | क्षेत्रीय निर्देशक, मध्य-पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय। |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ३. | श्री सुधिरप्रसाद उपाध्याय | क्षेत्रीय निर्देशक, मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय। | क्षेत्रीय निर्देशक, सुदूर-पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय । |
| ४. | श्री अमरबहादुर थापा | क्षेत्रीय निर्देशक, मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय। | रा.प. प्रथम श्रेणी (प्रा.), सह-सचिव सरह, सडक विभाग। |
| ५. | श्री प्रेमकुमार पौडेल | क्षेत्रीय निर्देशक, पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय । | रा.प. प्रथम श्रेणी (प्रा.), सह-सचिव सरह,सडक विभाग। |

आज्ञाले,
गोविन्दप्रसाद रंजितकार
श्री ५ को सरकारको अतिरिक्त सचिव

### श्री ५ को सरकार
## सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ सरकारले मिति २०४८।५।१४ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्रांकित तृतीय श्रेणीका श्री पुष्पबहादुर स्वाँरले आफ्नो पदबाट दिनुभएको राजीनामा मिति २०४८।२।७ देखि लागू हुने गरी स्वीकृत गरेको छ ।

आज्ञाले,
ठाकुरप्रसाद पाण्डे
उपसचिव

### श्री ५ को सरकार
## गृह मन्त्रालयको
## सूचना १

श्री ५ को सरकारको मिति २०४८।५।२१ को निर्णयले नेपाल प्रशासन सेवा,रा. प. प्रथम र द्वितीय श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम पदस्थापन गरेको छ ।

| सि. नं. | नाम, थर | साविक पद तथा कार्यालय | पदस्थापन भएको पद तथा कार्यालय |
|---|---|---|---|
| १. | श्री गणेशप्रसाद भट्टराई | रा.प.प्रथम श्रेणी (सह-सचिवस्तर), गृहमन्त्रालय वा अन्तर्गत ।(हाल का.मु. प्र.जि.अ. दाङ) | प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, दाङ । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
220

| | | |
|---|---|---|
| २. श्री मदनप्रसाद अर्याल | रा.प.प्रथम श्रेणी (सह-सचिव स्तर), गृह मन्त्रालय वा अन्तर्गत(हाल का.मु.प्र.जि.अ. धनुषा)। | प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, धनुषा। |
| ३. श्री ललितबहादुर थापा | रा.प.द्वितीय श्रेणी (उप-सचिवस्तर), गृह मन्त्रालय वा अन्तर्गत(हाल प्र.जि.अ. कञ्चनपुर (काज)। | प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर। |
| ४. श्री रामबहादुर खड्का | रा.प.द्वितीय श्रेणी (उप-सचिवस्तर), गृह मन्त्रालय वा अन्तर्गत(हाल प्र.जि.अ. बैतडी (काज)। | प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, बैतडी। |

## सूचना २

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय चितवनका प्रमुख जिल्ला अधिकारी श्री शिवप्रसाद शर्मा मिति २०४८।५।३० देखि बिदामा बस्नु भएकोले उहाँ बिदा बसी कार्यालयमा हाजीर नभएसम्मका लागि नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र. जि. अ. पदमा व. प्र.अ. श्री मोदराज डोटेललाई सोही मितिदेखि नै लागू हुने गरी का. मु. मुकरर गरेको छ।

## सूचना ३

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय स्याङ्जाका प्रमुख जिल्ला अधिकारी श्री जनार्दनशर्मा पौडेल मिति २०४८।५।२८ देखि बिदामा बस्नु भएकोले उहाँ बिदा बसी कार्यालयमा हाजीर नभएसम्मका लागि नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र. जि.अ. पदमा प्र. अ. श्री क्षेत्रबहादुर भण्डारीलाई सोही मितिदेखि नै लागू हुने गरी का. मु. मुकरर गरेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२९

## सूचना ४

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय लमजुङका प्रमुख जिल्ला अधिकारी श्री नरेन्द्रराज पौडेल मिति २०४८।५।२५ देखि बिदामा बस्नु भएकोले उहाँ बिदा बसी कार्यालयमा हाजीर नभएसम्मका लागि नि. से. नि., २०२१ को नियम ८. २ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र. जि. अ. पदमा सोही कार्यालयका प्र. अ. श्री कृष्णराज त्रिपाठीलाई सोही मिति देखि नै लागू हुने गरी का. मु. मुकरर गरेको छ ।

## सूचना ५

श्री ५ को सरकारको मिति २०४८।५।२५ को निर्णयले नेपाल प्रशासन सेवा, रा. प. तृतीय श्रेणीका अधिकृत श्री कृष्णप्रसाद नेपाललाई प्रशासकीय अधिकृत जिल्ला प्रशासन कार्यालय रोल्पाबाट अध्यागमन अधिकृत (शा. अ.) अध्यागमन विभागमा सरुवा गरेको छ ।

## सूचना ६

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय पर्साका प्रमुख जिल्ला अधिकारी श्री रामानन्द मिश्र मिति २०४८।५।२४ देखि बिदामा बस्नु भएकोले उहाँ बिदा बसी कार्यालयमा हाजीर नभएसम्मका लागि नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र.जि.अ.पदमा त्यस कार्यालयका व.प्र.अ.श्री प्रेमप्रसाद शर्मा सापकोटालाई सोही मितिदेखि नै लागू हुने गरी का.मु.मुकरर गरेको छ ।

## सूचना ७

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय सिराहाका प्रमुख जिल्ला अधिकारी श्री पुरुषोत्तम ढकाल मिति २०४८।५।२४ देखि बिदामा बस्नु भएकोले उहाँ बिदा बसी कार्यालयमा हाजीर नभएसम्मका लागि नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र.जि.अ. पदमा व. प्र.अ.श्री बच्चेलाल रायलाई सोही मितिदेखि नै लागू हुने गरी का.मु. मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ८

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय ललितपुरका प्रमुख जिल्ला अधिकारी श्री ईन्द्रकुमार श्रेष्ठ मिति २०४८।५।१८ देखि बिदामा बस्नु भएकोले उहाँ बिदा बसी कार्यालयमा हाजीर नभएसम्मको लागि नि.से.नि.,२०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र.जि.अ. पदमा त्यस कार्यालयका व.प्र.अ.श्री नरपति सिंहलाई सोही मितिदेखि नै लागू हुने गरी का.मु. मुकरर गरेको छ ।

## सूचना ९

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी श्री जगन्नाथभक्त श्रेष्ठ मिति २०४८।५।१८ देखि काजमा बस्नु भएकोले उहाँ काजबाट फर्की कार्यालयमा हाजीर नभएसम्मका लागि नि.से. नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र.जि.अ. पदमा त्यस कार्यालयका व.प्र.अ. श्री धर्मराज ढुङ्गानालाई सोही मिति देखि नै लागू हुने गरी का. मु. मुकरर गरेको छ ।

## सूचना १०

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय प्यूठानका प्रमुख जिल्ला अधिकारी श्री डिल्लीराज जोशी मिति २०४८।५।२४ देखि बिदामा बस्नु भएकोले उहाँ बिदा बसी कार्यालयमा हाजीर नभएसम्मका लागि नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम (१)को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र.जि.अ.पदमा त्यस कार्यालयका प्र.अ. श्री बालकृष्ण पन्थीलाई सोही मितिदेखि नै लागू हुने गरी का.मु.मुकरर गरेको छ।

## सूचना ११

श्री ५को सरकारले जिल्ला प्रशासन कार्यालय बागलुङका प्रमुख जिल्ला अधिकारी श्री ध्रुवप्रसाद घिमिरे मिति २०४८।५।२१ देखि बिदामा बस्नु भएकोले उहाँ बिदा बसी कार्यालयमा हाजीर नभएसम्मका लागि नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र. जि. अ. पदमा प्र. अ. श्री शेषकान्त शर्मालाई सोही मितिदेखि नै लागू हुने गरी का.मु मुकरर गरेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

222

## सूचना १२

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रमुख जिल्ला अधिकारी श्री चुडामणि उपाध्याय मिति २०४८।६।९ देखि काठमाडौं आउनु भएकोले उहाँले कार्यालय छाडेको मितिदेखि कार्यालयमा हाजीर नभएसम्मको लागि नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख)ले दिएको अधिकार प्रयोग गरी सो प्र. जि.अ. पदमा त्यस कार्यालयका व.प्र..अ. श्री बाबुराम आचार्यलाई का.मु. मुकरर गरेको छ ।

## सूचना १३

श्री ५ को सरकारको मिति २०४८।६।७ को निर्णयले जिल्ला प्रशासन कार्यालय ललितपुरको प्र.जि.अ. पदमा अर्को व्यवस्था नभएसम्मको लागि नि.से.नि.,२०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका व.प्र.अ.श्री नरपति सिंहलाई का.मु. मुकरर गरेको छ ।

## सूचना १४

श्री ५ को सरकारको मिति २०४८।६।७ को निर्णयले जिल्ला प्रशासन कार्यालय मकवानपुरको प्र.जि.अ.पदमा अर्को व्यवस्था नभएसम्मको लागि नि.से.नि.,२०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका व.प्र.अ.श्री हरिहर शर्मालाई का.मु. मुकरर गरेको छ ।

## सूचना १५

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय गोरखाका प्रमुख जिल्ला अधिकारी श्री ईश्वरनारायण पाण्डे मिति २०४८।६।१० देखि बिदामा बस्नु भएकोले उहाँ बिदा बसी कार्यालयमा हाजीर नभएसम्मको लागि नि.से. नि.,२०२१ को नियम ८.२ को उपनियम(१) को खण्ड (ख)ले दिएको अधिकार प्रयोग गरी सो प्र.जि.अ.पदमा त्यस कार्यालयका प्र.अ.श्री दुर्गानारायण पौडेललाई सोही मितिदेखि नै लागू हुने गरी का.मु. मुकरर गरेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२४

## सूचना १६

श्री ५ को सरकारले मिति २०४८।६।८ को निर्णय अनुसार जिल्ला प्रशासन कार्यालय पर्वतका प्रमुख जिल्ला अधिकारी श्री हीरामान श्रेष्ठ मिति २०४८।६।१३ देखि बिदामा बस्नु भएकोले उहाँ बिदा बसी कार्यालयमा हाजीर नभएसम्मको लागि नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र.जि.अ. पदमा त्यस कार्यालयका प्र.अ. श्री तेज-प्रसाद पौडेललाई सोही मितिदेखि नै लागू हुने गरी का. मु. मुकरर गरेको छ ।

## सूचना १७

श्री ५ को सरकारको मिति २०४८।६।७ को निर्णयले जिल्ला प्रशासन कार्यालय भोजपुरको प्र.जि.अ. पदमा अर्को व्यवस्था नभएसम्मको लागि नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्र.अ. श्री दीनानाथ दाहाललाई सोही मितिदेखि नै लागू हुने गरी का.मु. मुकरर गरेको छ ।

## सूचना १८

श्री ५ को सरकारको मिति २०४८।६।७ को निर्णयले जिल्ला प्रशासन कार्यालय जाजरकोटको प्र.जि.अ. पदमा अर्को व्यवस्था नभएसम्मका लागि नि.से.नि.,२०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी त्यस कार्यालयका प्र.अ. श्री मोहनबहादुर के.सी. लाई सोही मितिदेखि नै लागू हुने गरी का.मु. मुकरर गरेको छ ।

## सूचना १९

श्री ५ को सरकारको मिति २०४८।६।७ को निर्णयले जिल्ला प्रशासन कार्यालय जुम्लाको प्र.जि.अ. पदमा अर्को व्यवस्था नभएसम्मको लागि नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी त्यस कार्यालयका प्र.अ. श्री मुरारीप्रसाद शर्मालाई सोही मितिदेखि नै लागू हुने गरी का.मु. मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२२

## सूचना २०

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय सुर्खेतका प्रमुख जिल्ला अधिकारी श्री खगेन्द्रप्रसाद पौडेल मिति २०४८।६।६ देखि काठमाडौं आउनु भएकोले उहाँ फर्की कार्यालयमा हाजीर नभएसम्मको लागि नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र.जि.अ. पदमा प्र.अ. श्री काशीनाथ शर्मा मरासिनीलाई सोही मितिदेखि नै लागू हुने गरी का.मु. मुकरर गरेको छ।

## सूचना २१

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय कैलालीका प्रमुख जिल्ला अधिकारी श्री बद्रीनाथशर्मा पौडेल मिति २०४८।४।१० देखि बिदामा बस्नु भएकोले उहाँ बिदा बसी कार्यालयमा हाजीर नभएसम्मको लागि नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र.जि.अ. पदमा सोही कार्यालयका प्र.अ. श्री त्रिलोकप्रसाद श्रेष्ठलाई सोही मितिदेखि नै लागू हुने गरी का.मु. मुकरर गरेको छ ।

## सूचना २२

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय सिन्धुलीका प्रमुख जिल्ला अधिकारी श्री ईश्वरप्रसाद श्रेष्ठ मिति २०४८।१।३० देखि बिरामी भै काठमाडौं आउनु भएको हुँदा उहाँ फर्की कार्यालयमा हाजीर नभएसम्मको लागि नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र.जि.अ. पदमा सोही कार्यालयका प्र.अ. श्री प्रेमनारायण शर्मालाई सोही मितिदेखि नै लागू हुने गरी का.मु. मुकरर गरेको छ ।

## सूचना २३

श्री ५ को सरकारको मिति २०४८।२।९ को निर्णयले नेपाल प्रशासन सेवा, रा.प. तृतीय श्रेणीका अधिकृत श्री गोविन्दप्रसाद शर्मालाई सीमा प्रशासन शाखा मुगुको शाखा अधिकृत पदबाट प्रहरी किताबखानाको शाखा अधिकृत पदमा सरुवा गरेको छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
२२६

## सूचना २४

श्री ५ को सरकारको मिति २०४८।४।७ को निर्णयले नेपाल प्रशासन सेवा, रा.प. तृतीय श्रेणीका अधिकृत श्री डिल्लीराज अर्याललाई प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय पाल्पाबाट शाखा अधिकृत इलाका प्रशासन शाखा कोल्हवी बजार बारामा सरुवा गरेको छ ।

## सूचना २५

श्री ५ को सरकारको मिति २०४८।३।३२ को निर्णयले जिल्ला प्रशासन कार्यालय दोलखाका प्र.जि.अ. श्री मदनप्रसाद अर्याललाई नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी रा.प. प्रथम श्रेणी, सह-सचिवस्तर पदमा का. मु. मुकरर गरी जिल्ला प्रशासन-कार्यालय धनुषाको प्रमुख जिल्ला अधिकारी तोकेको छ ।

## सूचना २६

श्री ५ को सरकारको मिति २०४८।३।३२ को निर्णयले गृह मन्त्रालयका रा.प. द्वितीय श्रेणीका उपसचिव श्री गणेशप्रसाद भट्टराईलाई नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड(ख) ले दिएको अधिकार प्रयोग गरी रा.प. प्रथम श्रेणी, सह-सचिवस्तर पदमा का.मु. मुकरर गरी जिल्ला प्रशासन कार्यालय दाङको प्रमुख जिल्ला अधिकारी तोकेको छ ।

## सूचना २७

श्री ५ को सरकारको मिति २०४८।६।२ को निर्णयले नेपाल प्रशासन सेवा, रा.प. तृतीय श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरेको छ ।

| सि. नं. | नाम, थर | साविक पद तथा कार्यालय | सरुवा भएको पद तथा कार्यालय |
|---|---|---|---|
| १. | श्री बयानबहादुर मास्के | शाखा अधिकृत, गृह मन्त्रालय (जि. प्र. का. तनहुँ काज)। | प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय, तनहुँ । |
| २. | श्री गुरुप्रसाद सुवेदी | प्रशासकीय अधिकृत, जि. प्र. का., तनहुँ । | शाखा अधिकृत, गृह मन्त्रालय । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२२८

## सूचना २८

श्री ५ को सरकारको मिति २०४८।६।१ को निर्णयले नेपाल प्रशासन सेवा, रा.प. तृतीय श्रेणीका शाखा अधिकृत श्री हरिबहादुर बि.सी. लाई इलाका प्रशासन शाखा यदुकुहा धनुषाबाट शाखा अधिकृत सीमा प्रशासन शाखा मुगुमा सरुवा गरेको छ ।

आज्ञाले,
उद्धवप्रसाद बाँस्कोटा
कानून अधिकृत (उपसचिव)



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

228